# आर्थिक वर्ष ०७६।०७७ को नीति, कार्यक्रम तथा बजेट

फालेलुङ गाउँपालिका

थोक्लिम्बा , पाँचथर

१ नं. प्रदेश, नेपाल

०७६।०३।१०

पेश गर्ने : हिमा अधिकारी

गाउँपालका उपाध्यक्ष

यस सभाका सम्मानीत सभाध्यक्ष ज्यु,

प्रमुख अतिथि माननीय प्रदेश सभा सदस्य एवं प्रदेश सभा समिति सभापति ज्यु,

गाउँसभाका सदस्य ज्युहरु ,

सभा सचिव एवं प्रमुख प्रशासकीय अधिकृत ज्यु,

गाउँपालिका स्थित विभिन्न कार्यालय तथा शाखाका कर्मचारी मित्रहरु ,

सञ्चारकर्मी ज्युहरु,

नेपाली जनताले लामो समय देखि परिवर्तनको निम्ति गरेको गौरवपूर्ण आन्दोलनहरु, जनयुद्ध, जनआन्दोलन, जनजाती एवं मधेश आन्दोलनका कारण प्राप्त उपलब्धिको रुपमा नेपालको संविधान प्राप्त भइ गठन भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको तिन तहको सरकार मध्येको एक सरकारको रुपमा स्थापित यस फालेलुङ गाउँपालिकाको तर्फबाट  स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम उपाध्यक्षको हैसियतले आगामी आर्थिक वर्षको नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु ।

स्थानीय सरकारको सञ्चालनको लगभग दुई वर्षको अभ्यास पछिको समयमा हामी यँहा उपस्थित भएका छौं । आज सम्मको स्थानीय सरकार सञ्चालनको अभ्यास गर्दा जनप्रतिनिधिहरु, कर्मचारीहरु, राजनैतिक दलका प्रतिनिधिहरु, नागरिक समाजका प्रतिनिधिहरु, शिक्षकहरु, विधार्थीहरु, पत्रकारहरु र स्थानीय सर्वसाधारणले पऱ्याएको सहयोग प्रति सवैमा हृदय देखि नै धन्यवाद दिन चाहन्छु । आगामी दिनमा पनि गाउँपालिकाले गर्ने काममा यस्तै सहयोग, सुझाव, चासो , चिन्ता र खवरदारीको अपेक्षा गर्दछु ।

हालसम्मको हाम्रो कामको मुल्याङ्कन गर्ने जिम्मा त हामी नभई आम जनसमुदायकै हो । मुल्याङ्कन निरन्तर गरिरहनु भएको पनि होला । विभिन्न व्यक्तिहरुले भेटघाटका क्रममा गर्नुभएका कुराकानी , अन्य व्यक्तिहरुबीचको छलफल, अन्य पालिकाका प्रतिनिधिहरुले व्यक्त गर्नुभएको विचारका आधारमा हाल सम्मको हाम्रो प्रयास राम्रो भएको पाइएको छ । यसले हामीलाई आगामी दिनमा थप नँया र राम्रो काम गर्न हौस्याएको छ ।

यती हुँदा हुँदै पनि स्पष्ट संघीय र प्रादेशीक कानुनको अभाव, निरन्तर परिवर्तन भई रहने कानुनी व्यवस्था, समन्वय गर्ने समय र क्षमताको अभाव, तालिम र अभिमुखीकरणको अभाव, कार्यबोझ अनुसार कर्मचारी पदपुर्ति नहुनु, समयमा नै बजेट सुनिश्चितता नहुनु जस्ता कुराहरुले यस वर्षको विकास योजना र कार्यक्रमका प्रतिफलहरुमा पूरै ढुक्क र सफल हुन नसकेको कुरालाई हामी स्वीकारर्दछौं । कमजोरीहरुलाई तुरुन्त स्वीकार्ने हाम्रो सामूहिक अभ्यासले सुधारका उपायहरुको खोजी गर्न पनि घच्घच्याएको छ ।

सम्मानीत सभाध्यक्ष महोदय ,

**अव म चालु आर्थिक वर्ष ०७५।०७६ को नीति तथा कार्यक्रमको समिक्षा गर्न चाहन्छु ।**

## (क) आर्थिक विकास :

१) आर्थिक विकास तर्फ विभिन्न पर्यटकीय सडकहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको छ र ट्र्याक खोल्ने कार्य भएको छ । तिनसिमाना क्षेत्र सम्म सडकको पहुँच विस्तार गरिएको छ । सडक विस्तार सँगै सोही सडकको माध्यमबाट तिनसिमाना तथा चारराते क्षेत्र करिव ५०० जना आन्तरिक पर्यटकहरुलाई आकर्षित गरिएको छ ।

२) कृषि क्षेत्रलाई व्यवसायीक बनाउन आधुनिक कृषि प्रविधिको प्रयोग गरि कृषि उत्पादनमा बृद्धि ल्याउने कार्य भएको छ ।

३) दुग्ध उत्पादनको बृद्धिका लागि दुग्ध सहकारी मार्फत कार्यक्रम कार्यन्वयन गरिएको छ ।

४) कृत्रिम गर्भाधान कार्यक्रमको निरन्तरता बाट नश्ल सुधारमा उल्लेख्य प्रगति हाँसिल गर्न सफल भएका छौँ ।

५) तेश्रो चौरी महोत्सवको आयोजना बाट गाउँपालिका क्षेत्र करिव २००० आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षित गर्न सफल भएको छौा ।

६) फालेलुङ गाउँपालिकालाई साग सब्जिमा आत्मानिर्भर बनाउने अभियान अन्तर्गत प्लाष्टिक टनेल भित्र खेति गर्ने प्रणालीको विकास गरिएको छ ।

## (ख) सामाजिक विकास :

१) शैक्षिक क्षेत्रको गुणस्तर बृद्धिका लागि विद्यालयको भौतिक पुर्वाधार निर्माण , मर्मत तथा सुधारका लागि कार्यहरु भएको छन् ।

२) सुरक्षित प्रसुति गराउनका लागि स्वास्थ्य चौकीहरुमा कर्मचारी व्यवस्थापन , स्वास्थ्य चौकीहरुको बर्थिङ सेन्टरको सुदृढिकरण गर्ने कार्य तथा उपकरण खरिद गर्ने कार्य भएका छन् । औषधि वितरण प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाइएको छ ।

३) एक घर एक धाराको नीति अनुरुप खानेपानी आयोजनाको मर्मत सम्भार , विस्तार तथा सुदृढिकरणका कार्यहरु भएका छन् । खानेपानी आयोजना सञ्चालनमा ल्याउन विभिन्न संघ संस्थाहरु सँग समेत सहकार्य गरिएको छ ।

४) स्वास्थ्य सेवाको पहुँचबाट बञ्चितीकरणमा रहेको वार्ड नं ६ र वार्ड नं ८ मा सामुदायिक स्वास्थ्य इकाई स्थापना, कर्मचारी व्यवस्थापन गरि आधारभुत स्वास्थय सेवा सुनिश्चित गरिएका छौँ ।

५) ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिएको छ। महिला क्षमता विकास का लागि अनुशिक्षण कार्यक्रम , आय मुलक कार्यक्रमहरु सञ्चालन गरिएको छ।

६) गाउँपालिका भित्रका प्रारम्भिक बालबिकास केन्द्रको उचित व्यवस्थापन गरिएको छ । विपन्न बालबालिकालाई पोशाक वितरण गर्ने कार्यक्रम गरिएको छ।

## ग) पुर्वाधार विकास :

१) प्रदेश सरकार सँगको सहकार्यमा विपद्का कारण विस्थापित भएको १५ घरपरिवारलाई घर निर्माण गरिएको छ।

२) सडकको पहुँच नपुगेको अधिकांस बस्तिहरुमा सडकको पहुँच पऱ्याइएको छ भने मुख्य सडकहरुको स्तरोन्नती भएका छन्।

३) कृषि भुमीमा थप उत्पादन बृद्धि गर्ने लक्ष्य अनुरुप सिँचाइको क्षेत्रमा आवश्यक कार्यहरु भएका छन्।

४) उज्यालो घर फालेलुङको भर भन्ने नारालाई मुर्त रुप दिन फालेलुङ गाउँपालिका भित्रका सम्पुर्ण वार्डहरुमा केन्द्रिय विद्युत प्रशारणका लागि सर्भे गर्ने कार्य पुरा भएको छ। लघु जलविद्युत प्रवर्दन गर्न विभिन्न आयोजनाहरुको मर्मत सम्भार गरिएको छ।

५) नेपाल विद्युत प्राधिकरणको सँगको सहकार्यमा गाउँपालिकाको केन्द्र थोक्लिम्बा सम्म केन्द्रिय विद्युत प्रशारण विस्तार गर्न आवश्यक कार्यको थालनी गरिएको छ।

## घ) बाताबरण तथा विपद् व्यवस्थापन तर्फ :

१) प्रकोप पिडित व्यक्तिका लागि राहत उपलब्ध गराइएको छ। एकीकृत वस्ती विकासको कार्य अघि बढाइएको छ।

२) बन, भु संरक्षण तथा जलाधार संरक्षणका कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिएको छ।

३) विपद् व्यवस्थापन तथा विपद् न्युनीकरण गर्ने उद्देश्यले खर तथा चित्राको छानो भएका घरहरुलाई विस्थापन गर्दै जस्तापाता उपलब्ध गराइएको छ। यस कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## ङ) संस्थागत विकास तथा सेवा प्रवाह :

१) गाउँपालिका भित्रका सम्पुर्ण वार्डहरुमा नागरिक बडापत्र स्थापना गरिएको छ। गाउँपालिकालाई क्रमिक रुपमा विद्युत्तिय माध्यममा लैजाने कार्यक्रम अघि सारिएको छ।

२) गाउँपालिका भित्रका सम्पुर्ण वडाहरुमा इन्टरनेट जडान गरिएको छ । केही वार्डहरु तथा केही विद्यालयहरुमा परीक्षण का लागि विद्युतिय हाजिरी लागू गरिएको छ।

३) उपभोक्ता समितिका पदाधिकारीहरुलाई तालिम तथा अभिमुखीकरणको माध्यमबाट निर्माण कार्यको गुणस्तर बृद्धिमा टेवा दिने गरि कार्यक्रम हरु लागूगरिएको छ ।

**सम्मानित सभाध्यक्ष महोदय ,**

अव म फालेलुङ गाउँपालिकालाई आर्थिक वर्ष ०७६।०७७ का लागि विाभिन्न श्रोतहरु बाट प्राप्त कुल बजेट पेश गर्न चाहन्छु ।

| क्र.सं. | बजेट श्रोत | रकम | कैफियत |
|---|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | ९,१७,००,०००। | |
| २ | नेपाल सरकार सशर्त अनुदान | १५,७३,००,०००। | |
| ३ | नेपाल सरकार राजश्व बाँडफाँड | ७,५८,००,०००। | |
| ४ | प्रदेश सरकार समानीकरण अनुदान | ६९,९५,०००। | |
| ५ | प्रदेश सरकार राजश्व बाँडफाँड | ४७,७४,०००। | |
| ६ | आन्तरिक आम्दानी | ३०,००,०००। | |
| ७ | मौज्दात रकम | ३,२०,००,०००। | |
| जम्मा रकम रु. | | ३७,१५,६९,०००। | |

सम्मानीत सभाध्यक्ष ज्यु,

अव म फालेलुङ गाउँपालिकाको सोँच, लक्ष्य र उदेश्य प्रस्तुत गर्न चाहन्छु ।

**सोच :** विकास निर्माण कार्यलाई बाताबरणमैत्री बनाउने , क्षेत्रगत सन्तुलन कायम गर्दै पर्यटकीय गाउँपालिका निर्माण गर्ने ।

**लक्ष्य :** आर्थिक, सामाजिक तथा भौतिक पुर्वाधारको पक्षमा ध्यान दिई आर्थिक विकासको आधार तय गर्ने ।

**उदेश्य :** आमजनतालाई विकासका लाभ उपभोग गर्न सक्षम बनाई जनताको जीवनस्तरमा सुधार ल्याउने ।

अव म बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु प्रस्तुत गर्न चाहन्छु ।

१) नेपालको संविधान ०७२ बमोजिम गाउँपालिकालाई प्राप्त अधिकारहरु,

२) स्थानीय सरकार सञ्चालन ऐन २०७४,

३) गाउँपालिकाले बहन गर्नुपर्ने अनिवार्य दायित्वका विषयहरु ,

४) गाउँपालिका स्तरका गौरवका आयोजनाहरुको बर्गिकरण ,

५) विभिन्न कोष खाताहरु ( मर्मत सम्भार , प्रकोप व्यवस्थापन , कर्मचारी कल्याणकारी , महिला तथा बालबालिका उद्धार ) को स्थापना ।

६) दिगो विकासका लक्ष्य लगायत राष्ट्रिय/अन्तराष्ट्रिय प्रतिवद्धताको कार्यान्वयन ।

७) शसर्त अनुदान कार्यक्रमका लागि आवश्यक रकम ,

८) वडा कार्यालयलाई अनुदान वितरण गर्दा भौगोलिक विकटता, राजश्व संकलनको अवस्था , विकासको अवस्था, साविक वडा संख्या र जनसङ्ख्यालाई आधारको रुपमा लिइएको छ ।

सम्मानीत सभाध्यक्ष महोदय,

प्रमुख अतिथि ज्यु

अव म फालेलुङ गाउँपालिकाको क्षेत्रगत नीति तथा आधारहरु प्रस्तुत गर्न चाहन्छु ।

## आर्थिक विकास क्षेत्र :

### क) कृषि विकास

१. कृषि उत्पादन बृद्धि गर्न कृषकहरुलाई समूहमा आवद्ध गरि सामुहिक खेतिका लागि प्रोत्साहित गरिनेछ । समूहमा आवद्ध कृषकहरुलाई विउ, विजन, औजार एवं प्राविधिक सहायता उपलव्ध गराइनेछ ।

२. किवि, सुन्तला , जुनार लगायत फालेलुङ गाउँपालिकामा उच्च सम्भावना भएका फलफुल खेतिको नर्सरी स्थापनाका लागि कृषकहरुलाई सहायता गरिनेछ ।

३. विगत दुई आर्थिक वर्ष देखि नै उल्लेख्य बजेट विनियोजनका कारण कृषि उत्पादन बृद्धि भएको विषयलाई मध्यनजर गर्दै अव उप्रान्त उत्पादनमा बृद्धि सँग सँगै बजारीकरण तथा उत्पादन व्यवस्थापनका लागि समेत कृषकहरुलाई प्रोत्साहित गरि आवश्यक कार्यक्रम लागू गरिनेछ ।

४. फालेलुङ ४, ५ र ६ को सम्भाव्य क्षेत्रलाइ किवि पकेट क्षेत्र घोषणा गरि आवश्यक कार्यक्रम लागु गरिनेछ ।

५. फालेलुङ गाउँपालिका वार्ड नं ४ लाई आलु पकेट क्षेत्र घोषणा गरि रस्टिक स्टोर निर्माण , विउ विज बृद्धि, बजारीकरण, औजार उपकरण,तालिम , आलु विउ ल्याव टेस्ट लगायतका कार्यक्रम लागु गरि वार्ड नं ४ मा उत्पादित आलुले फालेलुङ गाउँपालिकालाई आलुमा आत्मानिर्भर बनाइनेछ ।

६. मौरिपालन व्यवसायलाई प्रवर्दन गर्न तथा लोपोन्मुख खाद्यबालि संरक्षण गर्ने उद्देश्यले फालेलुङ गाउँपालिका वार्ड नं. ३ र ७ मा तोरि खेतिको सम्भाव्यता अध्ययन गरि आवश्यक कार्यक्रम लागु गरि औजार उपकरणमा सहायता गरिनेछ ।

७. कृषि उत्पादन भण्डार र संकलन गर्न कृषि संकलन केन्द्र निर्माण गरिनेछ ।

८. कृषि प्राविधिकको क्षमता अभिबृद्धि गरि निजहरुलाई प्रोत्साहित गर्दै कृषकहरुलाई आफ्नो खेतवारी मै प्राविधिक ज्ञान र व्यवहारिक तालिम उपलव्ध गराईनेछ ।

९. फालेलुङ गाउँपालिका भित्रका सुख्खा क्षेत्र लक्षित गरि कार्यान्वयनमा ल्याइएको साना सिँचाई तथा प्लाष्टिक पोखरी निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०. विभिन्न जातका फलफुल , सागसव्जी , च्याउ आदिको विरुवा वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११. समूहमा आवद्ध कृषकहरुलाई सामूहिक रुपमा तोरि मिल, ग्रेन्ड मिल ,मिनिटिलर जस्ता कृषि औजारहरुमा अनुदानको व्यवस्था गरिनेछ ।

१२. वातावरणीय सन्तुलन कायम गर्न, हरित फालेलुङको सपना साकार गर्न एक घर एक करेसावारी निर्माणका लागि कृषकहरुलाई प्रोत्साहित गर्ने नीति अवलम्वन गरिनेछ । यस आ.व मा फालेलुङ गाउँपालिकाको वार्ड नं. ५,६,७ र ८ का हरेक घरमा करेसावारी निर्माण गर्ने कार्यक्रम कार्यान्वयमा ल्याइनेछ ।

१३. उत्कृष्ट कृषक पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४. फालेलुङ गाउँपालिका वार्ड नं १ र २ मा जुनार तथा एभोकार्डो खेति कार्यक्रम लागू गरिनेछ ।

१५. फालेलुङ गाउँपालिकामा चिया उत्पादनको सम्भाव्यता अध्ययन गरिने छ । सम्भाव्य स्थानको छनौट गरि आगामि आ.व.हरुमा चिया पकेट क्षेत्र निर्माण गरिनेछ ।

१६. कृषकहरुसँगको निरन्तर अन्तरक्रियात्मक कार्यक्रमको मार्फत फालेलुङ गाउँपालिकालाई कृषि उपजमा आत्मानिर्भर बनाइने छ ।

१७. फालेलुङ गाउँपालिका क्षेत्र भित्र समग्र कृषि कार्यक्रमको लागि सशर्त अनुदान बाहेक रु ७४ लाख बजेट विनियोजन गरेकी छु ।

## पशु सेवा

१. यस आर्थिक वर्षमा समेत कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. पशुपालकहरुका लागि वडा स्तर तथा गाउँपालिकामा आवश्यक पशु औषधिको व्यवस्था गरिनेछ ।

३. हिउँदे तथा बहुवर्षे डाले तथा भुँई घाँसको नर्सरी निर्माणका लागि समूहमा आवद्ध पशुपालक कृषकहरुलाई अनुदानको व्यवस्था गरिनेछ ।

४. पशु प्राविधिक तथा पशुपालकको क्षमता अभिबृद्धिका लागि तालिमका कार्यक्रमहरु आयोजना गरिनेछ ।

५. खर्कमा रहेका चरण क्षेत्रहरुको व्यवस्थापन गरिनेछ । बाताबरण संरक्षण र चौरीपालनलाई समानान्तर रुपमा अघि बढाइनेछ । चारराते तथा तिनसिमाना क्षेत्रमा रहेका गोठहरुमा चौरीपालकहरु सँगको साझेदारीमा शौचालय निर्माण गरिनेछ ।

६. भेडापालक कृषकहरुलाई प्रोत्साहन गरिने छ ।

७. फालेलुङ गाउँपालिकालाई अण्डामा आत्मानिर्भर बनाउन आवश्यक कार्यक्रम लागु गरिनेछ ।

८. दुधमा आत्मानिर्भर गाउँपालिकाका रुपमा स्थापित हुन साविकबाट नै लागू गरिएको कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । फालेलुङ ५ लाई दुग्ध उत्पादन पकेट क्षेत्रको रुपमा स्थापित गरि नश्ल सुधार, कोरली बाच्छी अनुदान, मेशिनरी तथा औजार, तालिम लगायतका कार्यक्रमहरु कार्यान्वयनमा ल्याइनेछ । यसका लागि रु २५ लाख बजेट विनियोजन गरेकी छु ।

९. बाखापालक कृषकहरुलाई समूहमा आवद्ध गराई उन्नत जातको बोका अनुदानमा दिइनेछ ।

१०. पशु तथा कृषि विमाका लागि कृषकहरुलाई प्रोत्साहित गर्न आवश्यक कार्यक्रम लागू गरिनेछ ।

११. कृषि विकास तथा पशुपंक्षिको क्षेत्रमा थप बजेट व्यवस्थाका लागि प्रादेशिक कार्यालयहरु सँग समन्वय गरिनेछ ।

१२. फालेलुङ गाउँपालिकामा पशुपालनको माध्यमबाट गरिवि निवारण सँग सँगै पर्यटन प्रवर्दन गर्न पशुपंक्षि विकास क्षेत्रका लागि सशर्त अनुदान सहित रु ८७ लाख ५० हजार बजेट विनियोजन गरेकी छु ।

### पर्यटन प्रवर्दन

१. पानावा झरना, लामपोखरी , सुकेपोखरी लगायतका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्व बोकेका पोखरीहरुको संरक्षण गरिनेछ ।

२. मेमेङ तिनसिमाना सडक खण्ड स्तरोन्नतीका लागि प्रेदश तथा संघीय सरकार सँग पहल गरिनेछ ।

३. बुढिथाम क्षेत्रको मन्दिर पुननिर्माण , प्रचार प्रसार तथा सिँढी निर्माण गर्ने कार्य प्रारम्भ गरिनेछ ।

४. प्रदेश सरकार तथा संघीय सरकार सँगको सहकार्यमा माङलेबुङ–लामपोखरी सडक खण्ड र दवाइपानी –गोरुवाले सडक खण्ड निर्माणको कार्य यसै आर्थिक वर्ष बाट सुरु गरिनेछ ।

५. तिनसिमाना क्षेत्रमा गोठ स्टेको अवधारणा बमोजिम कार्य प्रारम्भ गरिनेछ । यस आर्थिक वर्षमा चौरीपालकहरु सँगको सहकार्यमा पाहुना कोठा तथा चर्पि निर्माणको कार्य थालनि गरिनेछ ।

६. तिनसिमाना क्षेत्रमा आगमन गर्ने पर्यटकहरुलाई लक्षित गरि याकचढी तथा घोडचढी गर्ने गराउने कार्यका लागि आवश्यक कार्यक्रम अघि बढाइनेछ । प्रदेश सरकार सँगको सहकार्यमा तिनसिमाना क्षेत्रमा पर्यटक आवाशगृह निर्माण गरिनेछ ।

७. पर्यटन क्षेत्रको विकास र विस्तारको लागि समपुरक कोष सहित रु. ७४ लाख बजेट विनियोजन गरेकी छु ।

सहकारी क्षेत्र

१. सहकारी क्षेत्रको माध्यमबाट गरिवि निवारण गर्ने गरि सहकारी क्षेत्रलाई प्रोत्साहित गर्न आवश्यक कार्यक्रम लागु गरिनेछ ।

२. गाउँपालिका भित्र सम्पुर्ण नागरिकहरुलाई सहकारी सचेतना अभिबृद्धि गरिनेछ ।

३. स्थापना भएका सहकारी संस्थाहरुका लागि सहकारी कानुन, अभिलेखीकरण, प्रतिवेदन, दोहोरो लेखा प्रणाली लगायतका क्षेत्रमा आवश्यक प्रशिक्षण दिइनेछ ।

४. निस्कृय सहकारी संस्थाहरुलाई विघटन वा एकीकरण गरिनेछ ।

५. उत्कृष्ट सहकारी संस्थालाई प्रविधि विस्तारमा ४० प्रतिशत अनुदान दिने व्यवस्था गरिनेछ ।

६. महिला सहकारी संस्थाहरुलाई प्रोत्साहित गर्न प्रत्येक वार्डका एक महिला सहकारीहरुलाई शर्त सहित अनुदान दिइनेछ ।

७. समग्र सहकारी क्षेत्रको प्रवर्दन तथा व्यवस्थापनका लागि रु १४ लाख बजेट विनियोजन गरेकी छु ।

**सम्मानीत सभाध्यक्ष ज्यु**

**आर्थिक विकासको माध्यमबाट जनताको जीवन स्तरमा परिवर्तन ल्याउने उद्देश्यका साथ कृषि,पशु , पर्यटन सहकारी लगायतका उपक्षेत्रहरु समेटेर आर्थिक विकास तर्फ रु १ करोड ९७ लाख बजेट विनियोजन गरेकी छु ।**

## सामाजिक विकास

### शिक्षा क्षेत्र

१. सामुदायिक विद्यालयहरुमा अभिभावक तथा विद्यार्थिहरुलाई आकर्षित गर्ने नीति अवलम्बन गरिनेछ ।

२. आधारभुत तह सम्म अध्ययन गर्ने बालबालिकाहरुलाई निशुल्क विद्यालय पोशाक उपलब्ध गराइनेछ ।

३. माध्यमिक विद्यालयहरुमा Beautification को कार्यक्रम लागू गरिनेछ । जस अन्तर्गत बगैंचा निर्माण, फोहोरमैला व्यवस्थापन , हरियाली प्रवर्दन आदि कार्य गरिनेछ ।

४. विद्यालयमा सुशासन कायम गर्न हरेक माध्यमिक विद्यालयहरुमा विद्युतिय हाजिरी प्रयोगमा ल्याइनेछ र सो को नियमित अनुगमन गरि शिक्षकहरुलाई पुरस्कृत तथा दण्ड दिने प्रणालीको विकास गरिनेछ ।

५. अधिक विद्यार्थि संख्या भएको र सञ्चालित तहमा शिक्षक दरवन्दि शुन्य भएका विद्यालयहरुमा शिक्षक व्यवस्थापनका लागि शर्त सहित अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६. स्थापना भएका नँया बालविकास केन्द्रहरुका सहजकर्ताको पारिश्रमिकको लागि संघीय सरकारले उपलव्ध गराउने निर्वाह भत्ता बमोजिम नै निर्वाह भत्ता व्यवस्था गरिनेछ ।

७. सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमबाट अध्यापन गराउन यस आ.व मा १० वटा माध्यमिक विद्यालयहरुमा Pilot Projecting गरिनेछ । उक्त विद्यालयहरुलाई शिक्षक व्यवस्थापनका लागि शर्त सहित अनुदान रकम उपलव्ध गराईनेछ ।

८. विद्यालयहरु विच सकारात्मक तथा स्वच्छ प्रतिस्पर्धाको भावना विकास गराउँन अतिरिक्त क्रियाकलापहरुको आयोजना गरिनेछ । जस अन्तर्गत निवन्ध प्रतियोगिता, बक्तृत्वकला, हाजिरी जवाफ, खेलकुद, सांस्कृतिक क्रियाकलाप जस्ता कार्यक्रमहरु वडा स्तर तथा गाउँपालिका स्तरमा लागु गरिनेछ ।

९. नवयुक्त शिक्षकहरुलाई सेवा प्रवेश तालिम , विषयगत तालिम तथा तालिम लिइसकेका शिक्षकहरुलाई पुर्नताजगी तालिमको कार्यक्रम राखिनेछ ।

१०. बालविकास केन्द्रका सहजकर्ताहरुलाई १६ दिने तालिम दिइनेछ ।

११. सम्पुर्ण माध्यमिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुलाई स्यानिटेरी प्याड वितरण गरिनेछ ।

१२. नेपाल सरकार सशर्त अनुदान सँग तादम्यता हुने गरि दुई वर्षमा सम्पन्न हुने गरि एउटा ४ कोठे र एउटा २ कोठे विद्यालय भवन, एउटा सरसफाई सहितको शौचालय निर्माण गरिनेछ ।

१३. सामुदायिक विद्यालयहरुमा सुचना प्रविधि कार्यक्रम, विज्ञान प्रयोगशाला, पुस्तकालय निर्माण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४. विद्यालयहरुको भौतिक पुर्वाधार विकास, निर्मित भवनको मर्मत सम्भार, घेराबार लगायतका कार्य गरिनेछ ।

१५. एस.इ.इ.मा उत्कृष्ट नतिजा ल्याउने विद्यालयहरुलाई पुरस्कृत गर्ने कार्यक्रम लागू गरिनेछ ।

१६. एस.इ.इ. परीक्षा तयारीका लागि विषयगत माध्यमिक तहका शिक्षकहरुलाई प्रोत्साहित गरिनेछ ।

१७. हरेक सामुदायिक विद्यालयमा नर्सीङ क्षेत्रका कर्मचारी व्यवस्थापन गर्ने राज्यको नीतिलाई आत्मासात गर्दै फालेलुङ गाउँपालिका भित्रका सामुदायिक विद्यालयका शिक्षक/शिक्षिकाहरुलाई ७ दिने प्राथमिक उपचार तालिम दिई प्रत्येक सामुदायिक विद्यालयहरुलाई मेडिकल किट बस्क उपलव्ध गराइनेछ ।

१८. शिक्षा क्षेत्रको समग्र विकासका लागि सशर्त अनुदान बाहेक रु. १ करोड ६३ लाख बजेट विनियोजन गरेकी छु ।

## स्वास्थय सेवा

१. फालेलुङ गाउँपालिका वार्ड नं ४,६ र ८ मा आधारभुत स्वास्थय सेवा केन्द्र भवन निर्माण गरिनेछ ।

२. फालेलुङ गाउँपालिका वार्ड नं. ६ र ८ मा स्थापित सामुदायिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य सेवा तर्फका थप कर्मचारीहरुको दरवन्दि श्रृजना गरि पदपुर्ति गरिनेछ ।

३. कुपोषण अन्त्य गर्ने राज्यको नीति अनुरुप बहुक्षेत्रीय पोषण कार्यक्रम लागु गरिनेछ ।

४. प्राङबुङ स्वास्थय चौकीको ल्याव केन्द्र स्तरोन्नती गर्दै नवनिर्मित भवनको फर्निसिङ गरिनेछ ।

५. मेमेङ स्वास्थ्य चौकी चौकीको कर्मचारी आवाश गृह यसै आ.व. मा सम्पन्न गरिनेछ ।

६. स्वास्थ्य चौकी एकतिनमा ल्याव केन्द्रको स्थापना गरिनेछ ।

७. प्रदेश सरकार सँगको सहकार्यमा सिदिन स्वास्थय चौकी भवन निर्माण गरिनेछ ।

८. नवनियुक्त महिला स्वास्थ्यस्वयंसेविकाहरुलाई तालिम, आवश्यक सामग्री तथा नगद पुरस्कार द्वारा प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

९. स्वास्थ्य चौकीहरुको अत्याधुनीकिकरण गरिनेछ । फर्निसिङ, औजार उपकरणको सन्तुलित वितरण गरिनेछ ।

१०. स्वास्थ्य चौकीमा प्रसुति गराउने महिलाहरुलाई नगद तथा पौष्टिक खाद्यपदार्थ दिई प्रोत्साहित गरिनेछ ।

११. सम्पुर्ण स्वास्थ्य चौकीहरुलाई बार्षिक ४५ हजार र सामुदायिक स्वास्थ्य इकाई/केन्द्रहरुलाई बार्षिक ३० हजार शर्त सहित कार्यालय सञ्चालन अनुदान दिइनेछ ।

१२. नागरिकको निःशुल्क प्राथमिक उपचार पाउने हकको सुनिश्चितताका लागि सम्पुर्ण स्वास्थ्य चौकीहरुमा औषधिको पहुँच सुनिश्चित गरिनेछ ।

१३. स्वास्थय क्षेत्रमा सशर्त अनुदान बाहेक रु ३० लाख बजेट विनियोजन गरेकी छु ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

### सम्मानीत सभाध्यक्ष ज्यु

१. ग र घ वर्गका अपाङ्ग परिचय पत्र भएका अपाङ्गता भएको व्यक्तिहरुको लागि बार्षिक रु. ५०००। भत्ता दिने व्यवस्था गरिने छ ।

२. महिलाहरुका क्षमता अभिबृद्धि गर्न, आय आर्जन सँग सम्बन्धित तालिम , सरकारी सेवामा महिलाको उपस्थितिका लागि आवश्यक लोकसेवा तयारी कक्षा, उद्घोषण तालिम लगायतका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

३. जनजाति समुदायहरुको सांस्कृति पहिचान कायम हुने गरि संस्कृति संरक्षण मा योगदान हुने गरि बृहत जनजाति महोत्सव आयोजना गरिनेछ ।

४. दलित समुदायको जनजागरण कार्यक्रम आयोजना गरि समाज परिवर्तन तथा राष्ट्र निर्माणमा निजहरुको योगदान र भुमिकाको ज्ञात गराइनेछ ।

५. फालेलुङ गाउँपालिकाको विकास र समृद्धिमा योगदान दिनु हुने ज्येष्ठ नागरिकहरुलाई सम्मान गरि निजहरु सँग अनुभव आदान प्रदानगरिनेछ ।

६. मातृभाषा , जनजाति लिपि संरक्षण लगायतका कार्यक्रमहरु कार्यान्वयनमा ल्याइनेछ ।

७. ३५ दिन भित्र घट्ना दर्ता गर्ने दलित समुदायहरुलाई प्रोत्साहन दिने नीति लागु गरिनेछ ।

८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा रु ४४ लाख ५० हजार बजेट विनियोजन गरेकी छु ।

## युवा तथा खेलकुद

१. गाउँपालिका स्तरीय फुटवल तथा भलिवल प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

२. युवाहरुको क्षमता अभिबृद्धिका लागि नमुना युवा सांसद, लागूऔषध दुर्वयशनी सम्बन्धि तालिम, कानुनी सहायता सम्बन्धि अन्तरक्रिया लगायतका कार्यक्रमहरु कार्यान्वयनमा ल्याइनेछ ।

३. युवाहरुलाई हाउस वायरिङ, अतिथि सत्कार तथा होमस्टे व्यवस्थापन , भुकम्प प्रतिरोधि भवन निर्माण जस्ता व्यवहारिक तालिम दिने नीतिलाई निरन्तरता दिइनेछ ।

४. गाउँपालिका भित्रका हरेक वार्डमा रहेका खेलमैदानहरुको स्तरोन्नती गरिनेछ ।

५. संघीय सरकार र प्रादेशिक सरकार सँगको सहकार्य तथा साझेदारीमा फालेलुङ रंगशाला तथा पञ्चमुखी रंगशाला निर्माणको कार्य प्रारम्भ गरिनेछ ।

६. प्रधानमन्त्रि रोजगार कार्यक्रम संग ऐक्यवद्धता जनाउँदै फालेलुङ गाउँपालिका भित्रका विभिन्न पुर्वाधारि विकासका योजनाहरुमा श्रममुलक प्रविधिलाई प्राथमिकता दिइनेछ ।

७. युवा तथा खेलकुद क्षेत्रमा रु ४० लाख बजेट विनीयोजन गरेकी छु ।

## संस्कृति प्रवर्दन

### सम्मानीत सभाध्यक्ष ज्य

१. गाउँपालिका भित्रका सांस्कृति, धार्मिक महत्व बोकेका मठ मन्दिर, गुम्बा, माङहिम , चर्च आदिको निर्माण तथा पुन निर्माण गरिने छ ।

२. शिव पार्वती बृक्षको रुपमा परिचित बृक्षको घेराबारा र उक्त स्थानमा प्रतिक्षालयको निर्माण गरिनेछ ।

३. प्रदेश सरकार सँगको सहकार्यमा स्वर्गीक मार्ग भवन निर्माणको कार्यक्रम यसै आ.व बाट प्रारम्भ गरिनेछ ।

४. विभिन्न वार्डहरुमा जनजाति , खसआर्य, दलित लगायतका समुदाय सँग सम्बन्धित ऐतिहासिक महत्व बोकेको बाजा गाजा लगायतका सांस्कृतिक सामग्री उपलव्ध गराइनेछ ।

५. ऐतिहासिक लिपिहरुको संरक्षण, प्रवर्दन र प्रचार प्रसार गरिनेछ ।

६. संस्कृति प्रवर्दन क्षेत्रमा रु ३२  लाख बजेट विनियोजन गरेकी छु ।

## खानेपानी तथा सरसफाई

१. फालेलुङ गाउँपालिकाको एक घर एक धाराको नीतिलाई व्यवहारतः रुपान्तरण गर्न खानेपानीको पहुँचबाट बञ्चित रहेका टोलहरुमा गोर्खा वेलफेयर ट्रस्ट सँगको सहकार्यमा निर्माण कार्य गरिनेछ ।

२. निर्माण सम्पन्न भइ सकेको खानेपानी आयोजनाहरुको मर्मत सम्भार र स्तरोन्नती गरिनेछ ।

३. खानेपानी तथा सरसफाई क्षेत्रमा ५० लाख ५० हजार बजेट विनियोजन गरेकी छु ।

# पूर्वाधार विकास

### भवन तथा शहरी विकास

१. संघीय तथा प्रदेश सरकार सँगको सहकार्यमा आगामी दुई आर्थिक वर्ष भित्र गाउँपालिकाको प्रशासनीक भवन तथा वडा कार्यालयको प्रशासनीक भवन निर्माण कार्य सम्पन्न गरिनेछ । यस आर्थिक वर्षमा गाउँपालिका भवनको विस्तृत परियोजना प्रतिवेदन तयार गरी गाउँपालिका भवन निर्माणको कार्य प्रारम्भ गरिनेछ । यसका लागि रु २ करोड ८५ लाख बजेट विनियोजन गरेकी छु ।

२. आगामी दुई आर्थिक वर्ष भित्र गाउँपालिका भित्रका ८ वटै वडामा महिला भवन निर्माण कार्य सम्पन्न गरिनेछ । यसका लागि यस आर्थिक वर्षमा रु ४२ लाख बजेट विनियोजन गरेकी छु ।

३. विगत आर्थिक वर्षबाट सुरु गरिएको पञ्चमुखी मा.वि प्राविधिक शिक्षा सञ्चालनार्थ पुर्वाधार विकास कार्यक्रम लाई निरन्तरता दिइनेछ । उक्त कार्यका लागि रु २५ लाख बजेट विनियोजन गरेकी छु ।

४. गाउँपालिका भित्रका विभिन्न संघ संस्था, जातिय भाषिक संस्था, निर्मित विद्यालयहरुको भवन मर्मत का लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

५. आगामी आर्थिक वर्षमा गाउँपालिकामा एउटा आवाशीय निवास र कभर्ड हल निर्माणका लागि प्रदेश सरकार सँग पहल गरिनेछ ।

६. थोक्लिम्बा बजारको विस्तृत अध्ययन प्रतिवेदन तयार गरिनेछ ।

७. भवन तथा शहरी विकास शिर्षकमा रु ३ करोड ९० लाख बजेट विनियोजन गरेकी छु ।

## सडक तथा पुल

१. संघीय सरकार सँगको सहकार्यमा आवश्यक स्थानमा झोलुँगे पुल निर्माण गरिनेछ ।

२. गाउँपालिका भित्रका विभिन्न पर्यटकीय , व्यापारीक र रणनीतिक सडकहरुको प्राथमिकताका आधारमा विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ ।

३. फालेलुङ गाउँपालिका हेवा खोला पुल निर्माणका लागि प्रदेश सरकार सँग पहल गरिनेछ ।

४. संघीय सरकार तथा प्रदेश सरकार सँगको सहकार्यमा विभिन्न आयोजनाहरु कार्यान्वयनमा ल्याउन समपुरक कोषमा रु. १ करोड ५० लाख बजेट विनियोजन गरेकी छु ।

५. साना तथा सरसफाई प्रकृति सडक निर्माण गर्ने कार्यका लागि गाउँपालिका लागि एउटा जे.सि.वि खरिद गर्न रु ५० लाख बजेट विनियोजन गरेकी छु ।

६. गाउँपालिकाको पञ्चवर्षीय योजना तथा सडक गुरुयोजना सँग अनुकुल हुने गरि सडकहरु विस्तार गरिनेछ । मुख्य र गौरवका सडकहरुलाई विस्तार गरिनेछ ।

७. प्रत्येक वार्डमा कम्तिमा एउटा मुख्य सडक निर्माण गरिनेछ । यसका लागि रु १ करोड पचास लाख बजेट विनियोजन गरेकी छु ।

८. मुख्य सडक बाहेकका सडकहरुको मर्मत सम्भार तथा स्तरोन्नती गरिनेछ ।

९. नँया सडक निर्माण , निर्मित सडकको मर्मत सम्भार र स्तरोन्नती गर्ने कार्यका लागि सडक तथा पुल शिर्षकमा रु ४ करोड ४२ लाख बजेट विनियोजन गरेकी छु ।

## उर्जा

१. तिन वर्ष भित्र गाउँपालिकाका सवै वडाहरुमा केन्द्रिय प्रशारण लाइन मार्फत विजुलि वत्ति विस्तार गरिनेछ । जसका लागि सम्बन्धित निकाय सँग आवश्यक समन्वय एवं सहकार्य गरिनेछ ।

२. हाल सञ्चालनमा रहेको लघुजलविद्युत आयोजनाहरु प्रयोगमा रहेका काठे पोल विस्थापन गर्न रु १८ लाख बजेट विनियोजन गरेकी छु ।

३. विभिन्न जलविद्युत आयोजनाहरुमा आवश्यक रहेको ट्रान्सफर्मर तथा जेनेरेटर खरिदमा अनुदानको व्यवस्था गरिनेछ ।

४. लघुजलविद्युत आयोजनाहरुको मर्मत सम्भार गरिनेछ ।

५. उर्जा क्षेत्रमा रु २९ लाख बजेट विनियोजन गरेकी छु ।

## कुलो तथा सिँचाई

१. अघिल्लो आर्थिक वर्ष सम्म निर्माण सम्पन्न भई सकेको कुलो मर्मत तथा स्तरोन्नतीका लागि रु ९ लाख बजेट विनियोजन गरेकी छु ।

सम्मानीत सभाध्यक्ष महोदय

आर्थिक वर्ष ०७६।०७७ का लागि गाउँपालिकाको सशर्त अनुदान बाहेकको कुल बजेट २१ करोड ४२ लाख मध्ये पुर्वाधार विकासमा रु ९ करोड बजेट विनियोजन गरेकी छु । पुर्वाधार विकासलाई विकासको साध्यको रुपमा नलिई विकासको माध्यम वा साधनको रुपमा लिइएको छ । आगामी आर्थिक वर्षलाई पुर्वाधार विकास वर्षको रुपमा लिइनेछ ।

बन बाताबरण तथा विपद व्यवस्थापन

१. सम्माननीय प्रधानमन्त्रि ज्यु बाट सुरु गरिएको एक नेपाली एक फलफुल विरुवा रोपण अभियानलाई आत्मासात गरिनेछ ।

२. जलजले पोखरी क्षेत्रको संरक्षणका लागि आवश्यक कार्यक्रम लागू गरिनेछ ।

३. तिनसिमाना तथा चारराते क्षेत्रको सौन्दर्य बृद्धिका लागि उक्त क्षेत्रहरुमा गुराँस तथा सल्लाका विरुवाहरु रोपण गरिनेछ ।

४. अर्गेली खेतिको माध्यमबाट गरिवि निवारणका साथै बाताबरण संरक्षणलाई समेत टेवा पुऱ्याउने गरि कार्यक्रम कार्यान्वयन गरिनेछ ।

५. विपन्न आय भएका व्यक्तिहरुको फुसको छानो प्रतिस्थापन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६. प्रहरी चौकी , स्वास्थ्य चौकी , वडा कार्यालय मा विपद सामग्री भण्डारण गरिनेछ ।

७. विपदपुर्व तयारी जनचेतनाका कार्यक्रमहरु लागु गरिनेछ ।

८. विपद बाट पिडित व्यक्तिहरुको पुनर्स्थापनाका लागि राहतको व्यवस्था गरिनेछ ।

९. प्रदेश सरकार सँगको समन्वयमा एकीकृत बस्ति विस्तार गरिनेछ ।

१०. बन बातारण र विकास निर्माण कार्यलाई समानान्तर ढंगबाट अघि बढाउन यस क्षेत्रमा रु ४३ लाख बजेट विनियोजन गरेकी छु ।

## सुशासन तथा संस्थागत विकास

१. गाउँपालिका तथा वडा कार्यालयहरुलाई प्रविधि मैत्री बनाइनेछ । प्रत्येक वार्डमा कम्प्युटर, प्रिन्टर, विद्युतिय हाजिरी , प्रोजेक्टर आदिको व्यवस्था गरिनेछ ।

२. गाउँपालिका तथा वडा कार्यालयहरुमा No Register policy लागू गरिनेछ ।

३. गाउँपालिका भित्रका सम्पुर्ण कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि तालिमको आवश्यक व्यवस्था गरिनेछ ।

४. वडा कार्यालयका प्रत्येक टोलमा वडा कार्यालयबाट जारी गरिएको सुचना टाँस गर्ने सुचना पाटिको व्यवस्था गरिनेछ ।

५. मुस्कान सहितको सेवा प्रवाहमा विशेष जोड दिइनेछ । कर्मचारीहरुलाई प्रोत्साहित गर्ने नीति लिइनेछ । कर्मचारीहरुलाई आवाशको उचित प्रवन्ध गरिनेछ ।

६. Zero Tolerance to Corruption को नीति लागू गरिनेछ ।

७. गाउँपालिकाबाट हुने सेवा प्रवाहको जानकारी गराउन गाउँपालिकामा डिजिटल अडियो नोटिस बोर्ड जडान गरिनेछ ।

८. पारदर्शिता र उत्तरदायित्व प्रवर्दन गर्न प्रत्येक चौमासिकमा सम्पुर्ण वडा कार्यालय र गाउँपालिकामा सार्वजनिक सुनुवाई गरिनेछ ।

९. सेवाग्राहीको गुनासो सुन्ने पदाधिकारी तोकि गुनासो सम्बोधन गर्ने परिपाटिको विकास गरिनेछ ।

१०. न्यायीक समितिका सदस्यहरु, मेलमिलाप कर्ताहरुलाई पुनतार्जगी तालिम दिई न्यायीक निरुपण मा दक्षता अभिबृद्धि गरिनेछ ।

११. कर्मचारीहरुको तलव भत्ता, भ्रमण खर्च , स्थानीय भत्ता, तलव बृद्धि, ग्रेड लगायतका सुविधाहरु प्रचलित संघीय कानुन बमोजिम नै कायम हुनेछ ।

१२. संस्थागत विकास तथा सुशासन प्रवर्दनका लागि रु २१ लाख ६० हजार बजेट विनियोजन गरेकी छु ।

सम्मानी सभाध्यक्ष महोदय,

अव म फालेलुङ गाउँपालिकाबाट आर्थिक वर्ष ०७६।०७७ मा गरिने मुख्य मुख्य क्रियाकलाप हरु प्रस्तुत गर्न चाहन्छु ।

१. गाउँपालिका भवन निर्माण रु १ करोड ८० लाख ।

२. वार्ड नं. १, ६ र ७ वडा कार्यालय भवन निर्माण रु १ करोड ५ लाख ।

३. सम्पुर्ण वडाहरुमा महिला भवन निर्माण रु ४२ लाख ।

४. पञ्चमुखी मा.वि. आर.सि.सि भवन निर्माण ।

५. दुग्ध पकेट क्षेत्रविस्तार फालेलुङ ५ रु २५ लाख ।

६. जे.सि.वि. खरिद रु ५० लाख ।

७. समपुरक कोष मार्फत आयोजना कार्यान्वयका लागि रु १ करोड ५० लाख ।

८. कुटिडाँडा गौलिडाँडा फिपुक सडक निर्माण तथा स्तरोन्नती रु २५ लाख ।

९. माङलेबुङ जलजले पोखरी लामपोखरी सडक खण्ड स्तरोन्ती रु २५ लाख ।

१०. मिलन चोक, गुरुङटार थरिटार हुँदै गोरुवाले सडक खण्ड स्तरोन्नती तथा निर्माण रु २५ लाख ।

११. ओगेम्बा, दवाईपानी , गोरुवाले सडक खण्ड विस्तार तथा स्तरोन्नती रु २५ लाख ।

१२. बासबोटे पिलिर्नन्दि वगाले थोक्पन सडक खण्ड स्तरोन्ती रु २५ लाख ।

१३. आकाशे भञ्ज्याङ, लुवाफु फिपुक सडक खण्ड स्तरोन्नती रु २५ लाख ।

१४. मच्छेबुङ बृहत खानेपानी आयोजना रु १५ लाख ।

**सम्मानित सभाध्यक्ष ज्यु**

**अव म फालेलुङ गाउँपालिकाको आर्थिक वर्ष ०७६।०७७ को क्षेत्रगत व्यय प्रस्तुत गर्न चाहन्छु ।**

| क्र.सं | विषय गत क्षेत्र | अनुमानित व्यय(रु हजारमा ) |
|---|---|---|
| १ | आर्थिक विकास | १ करोड ९७ लाख ५५ हजार |
| २ | सामाजिक विकास | ३ करोड ९ लाख ५४ हजार |
| ३ | पुर्वाधार विकास | ८करोड ७८ लाख ८० हजार |
| ४ | बन , बाताबरण तथा विपद् व्यवस्थापन | ४२ लाख |
| ५ | संस्थागत विकास , सेवा प्रवाह र सुशासन | २१ लाख साठि हजार |
| ६ | कार्यालय सञ्चालन चालु खर्च | ५ करोड ६० लाख २० हजार |
| ७ | कार्यालय सञ्चालन पुँजिगत खर्च | १ करोड ३३ लाख |
| ८ | सशर्त अनुदान | १५ करोड ७३ लाख |
| जम्मा व्यय | | ३७ करोड १५ लाख ६९ हजार |

सम्मानित सभाध्यक्ष महोदय ,

## फालेलुङको समृद्धिको आधार
## कृषि , पर्यटन, जलश्रोत र भौतिक पुर्वाधार

भन्ने नारालाई मुल नाराको रुपमा लिइ विकास व्यवस्थापन,दिगो विकास र सुशासनको प्रत्याभूति हुने बाताबरण को श्रृजना गरिने छ ।

**र अन्त्यमा**

यी सवै विविध पक्षहरुमा महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने, आवश्यक सल्लाह र सुझाव प्रदान गर्नु हुने सम्मानित सभाका सम्पुर्ण सदस्यहरु , कार्यपालिकाका सदस्यहरु , विषयगत समितिका सदस्यहरु , राष्ट्रसेवक कर्मचारीहरु, सम्पुर्ण राजनीतिक दलका प्रतिनिधिहरु, नीजि क्षेत्र, नागरिक समाज , संचार क्षेत्र तथा सम्पुर्ण फालेलुङ वासी आमा , बुबा , दाजु भाइ तथा दिदि बहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।